# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०) काठमाडौं, साउन ११ गते २०६७ साल (अतिरिक्ताङ्क १०अ

## भाग ५

### निर्वाचन आयोगको सूचना

यस आयोगले "संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च"का कुमार लिङदेन समेतका १४ जना केन्द्रीय पदाधिकारी तथा सदस्यहरुले सो पार्टीका अध्यक्ष लक्ष्मण चौधरीले विधान विपरीत महाधिवेशन गरेको र वहुमत सदस्य आफूसँग भएकोले पार्टीको नाम, झण्डा समेत आफ्नो पक्षमा गरी पाउँ भनी दिएको निवेदन उपर कारवाही हुँदा निवेदक कुमार लिङदेन पक्षमा वहुमत केन्द्रीय सदस्यको समर्थन देखिई पार्टीको आधिकारीक मान्यता कुमार लिङदेन समूहले पाउने र लक्ष्मण थारु चौधरी समूहले छुट्टै राजनैतिक दल वा सोही राजनैतिक दलको छुट्टै समूह पहिचान हुने गरी दल दर्ता गर्न माग गरेमा कानूनको रित पुर्याई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दल दर्ता गरी दिने मिति २०६७/३/१६ मा निर्णय गरे वमोजिम लक्ष्मण चौधरी थारु समूहले सो राजनैतिक दलको छुट्टै समूह पहिचान हुने गरी देहायको राजनैतिक दल दर्ता गरी पाउँ भनी निवेदन दिएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४२, निर्वाचन आयोग ऐन, २०६३ को दफा २६ को उपदफा (६) तथा राजनैतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३ को नियम १३ को उपनियम (२) वमोजिम सो राजनैतिक दल दर्ता गरी संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ३१ को उपदफा (२) तथा संविधान सभा सदस्य निर्वाचन नियमावली, २०६४ को नियम १९ वमोजिम उक्त राजनैतिक दललाई खण्ड ५७, अतिरिक्ताङ्क ५२, मिति २०६४/१०/१४ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचना ३ को क्र.सं. ३९ मा उल्लिखित देहायको निर्वाचन चिन्ह प्रदान गर्ने गरी यस आयोगवाट मिति २०६७/४/११ मा निर्णय भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

| राजनैतिक दलको नाम | निर्वाचन चिन्ह |
|---|---|
| "संघीय लोकतान्त्रिक राष्ट्रिय पार्टी" | "बस"  |

आज्ञाले,
यज्ञप्रसाद गौतम
सचिव

मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
गो.ह.द.नं. १६।०६२।६३

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।